# भरतपुर महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
### ढल सरसफाईका लागि Mini Excavator खरिद सम्बन्धि बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।१०।२४ गते (कान्तिपुर राष्ट्रिय दैनिक)

यस भरतपुर महानगरपालिका क्षेत्र भित्रका ढलहरु सरसफाई गर्नका लागी Mini Excavator खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त कम्पनी वा निर्माता कम्पनीका अधिकृत विक्रेतहरुबाट यो सूचना र बोलपत्र फाराममा उल्लेखीत शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ।

१ बोलपत्र सम्बन्धी कागजातको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र चालु आ.व.को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरीक राजस्व विभाग बाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ रु ३०००।- (तीन हजार रुपैंया) दस्तुर (फिर्ता नहुने) तिरी यस भरतपुर महानगरपालिका कार्यालयको वातावरण शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। साथै फारम PPMO को वेवसाइट http://www.bolpatra.gov.np/egp बाट पनि डाउनलोड गर्न सकिने छ। यसरी फारम भर्ने कंपनीले फारम भरे बापत लाग्ने दस्तुर भरतपुर महानगरपालिकाको खातामा प्रत्यक्ष वा टेली-ट्रान्सफर सिस्टम मार्फत दाखीला गर्नु पर्ने छ।
२ .खरिद भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन ( मिति २०७४/११/२७) दिनको १२ वजे भित्र यस भरतपुर महानगरपालिकाको कार्यालयमा बोलपत्र सि.नं.१ मा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखि यस कार्यालयको नाममा सम्बोधन गरि खामको बाहिर "शिलबन्दी Mini Excavator खरीदको वोलपत्र" भनि पेश गर्ने फर्मको नाम र ठेगाना स्पष्ट लेखि छाप लगाई शिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ। अन्यथा बोलपत्र मान्य हुनेछैन। साथै सोहि दिन दिनको २:०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलीने छ। बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४. शिलबन्दी वोलपत्रदाता विदेशी कम्पनीको स्थानीय एजेण्ट भएमा निजको नाम, निजले पाउने कमिशन अंक, भुक्तानिको तरीका, मुद्राको किसीम समेत खुलेको कागजात, एजेण्ट हुन स्वीकार गरेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। साथै बोलपत्रदाताले उपलब्ध गराउन Mini Excavator को मोडेल, नाप, आकार, उत्पादन गर्ने कम्पनीको नाम सहित (स्पेशिफिकेशन बमोजिम) तोकिएको विवरण नेपाली वा अंग्रेजी भाषामा पेश गर्नु पर्ने छ। साथै Warranty perid, Manufactured warranty र सम्पुर्ण Configuration उल्लेख गर्नुपर्ने छ।
५ वोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावीत खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र संबन्धित पेशा वा व्यवशाय संबन्धि कसूर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको कागजात शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्ने छ।
६. बोलपत्र साथ बोलपत्र जमानत यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. १३१०३०३००७१०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको पक्ष बाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंक को जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत स्वीकृत अंकको ५%(पांच प्रतिशत) ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढी न्युनतम अवधि राखि जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंक जमानी पत्र साथै साधन उपलब्ध गराउने कार्य तालिका समेत संलग्न राखि संझौता गर्नु पर्नेछ।
८. ई-विडिङ्ग मार्फत फारम दाखिला गर्न ईच्छुक कंपनिहरुले ई-खरिद शाखा PPMO को वेवसाइट http://www.bolpatra.gov.np/egp बाट उपलब्ध फारम नियमानुसार भरी पठाउनु पर्नेछ र ई-बोलपत्र फारम भरे बापत लाग्ने दस्तुर भरतपुर उप-महानगरपालिकाको खातामा प्रतक्ष वा टेली-ट्रान्सफर सिस्टम मार्फत दाखीला गर्नु पर्ने छ। आवश्यक कागजातहरुको शाथमा बैक भौचर वा टेली-ट्रान्सफर को प्रति Scanned (PDF Format ) गरी साथै दाखिला गर्नुपर्ने छ।

**भरतपुर महानगरपालिकाको खाताको विवरण :**

बैकको नाम : राष्ट्रिय बाणिज्य बैक
कार्यलयको नाम : भरतपुर महानगरपालिकाको कार्यलय
खाता नं : १३१०३०४०१८१०२ आम्दानी खाता

९. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउमा सही छाप हुनु पर्नेछ। रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन। प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१०. बोलपत्रको मान्य अवधि बोलपत्र खुल्ने मितिले ९०(नब्बे) दिनको हुनेछ।
११. बोलपत्र सम्बन्धि विस्तृत छलफलका लागी सूचना प्रकाशीत मिति को २१औ दिन( मिति २०७४/११/१५ ) वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १:०० वजे Pre-Bid Meeting राखीने छ।
१२. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित स्थानीय सरकार सन्चालन ऐन २०७४, सार्वजनिक खरीद ऐन २०६३ एवं प्रचलित कानून बमोजिम हुनेछ।
१३. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना भरतपुर महानगरपालिकाको Website: www.bharatpurmun.ogr.np बाट समेत Download गरी हेर्न सकिने छ।

तपसिल

| ठेक्का नं. | सामग्रीको विवरण | संख्या | अनुमानीत मुल्य कस्टम चार्ज बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| **Metro/Bhr/G/NCB/ 06/074/075 Environment** | ढल सरसफाईका लागि Mini Excavator खरीद | १( एक) | रु. ३३,२५,००० | रु. ८७,५०० | रु ३००० | |